स्थानीय सरकार

**बित्थडचिर गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

देउलेख, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

प स::२०८०।०८१

च.नं..

**मितिः २०८०।११।१४**

नेपाल संवत ११४४ सिल्लागा, २ सोमवार

## एकल पुरुष भत्ता प्राप्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !!

प्रस्तुत विषय सम्बन्धमा बित्थडचिर गाउँपालिकाको एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८० बमोजिम यस गाउँपालिका भित्रका ५० (पचास) वर्ष उमेर पुरा भएका तथा अन्य सामाजिक सुरक्षाको दायरामा नआएका एकल पुरुषहरुलाई प्रति महिना रु. ५००।– (पाँच सय) का दरले भत्ता वितरण गरिदै आएकोले चालु आर्थिक वर्ष २०८०।०८१ मा उक्त भत्ता प्राप्तिका लागि कार्यविधि बमोजिमको योग्यता पुरा भएका एकल पुरुषहरुले तपसिल बमोजिमका कागज पत्र सहित मितिः २०८० फागुन मसान्त भित्र आ-आफ्नो वडा कार्यालयमा निवेदन पेश गर्न सरोकारवाला सबैमा जानकारी गरिन्छ।

तपसिलः

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान-१
२. पत्नीको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि थान- १
३. सम्बन्ध बिच्छेद गरेको हकमा सो को प्रमाणित प्रतिलिपि थान- १
४. अविवाहितको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. लाभग्राहिको बैंक खाताको चेकको प्रतिलिपि थान- १
६. लाभग्राहीको पासपोर्ट साईजको फोटो थान- २

२०८०।११।१४

......................

**रमेशबहादुर बिष्ट**

**प्रमुख प्रशासकीय अधिकृत**

पुनश्चः कार्यविधिको अनुसूचि- १ बमोजिमको निवेदन सम्बन्धित वडा कार्यालय वाट प्राप्त हुनेछ।